# विज्ञप्ति

टोखा नगरपालिकामा मिति २०७८।०४।१६ गते शनिवारका दिन कोभिड १९ विरूद्दको भेरोसेल पहिलो मात्रा खोप लगाउने क्रममा खटिएका स्वास्थ्यकर्मी माथि ग्राण्डी अस्पताल परिषर भित्र नेपाल सरकारले तोकेको खोप पाउने समूह भित्र नपर्ने राम काजी थापा लगाएतका केही उश्रृङखल व्यक्तिहरूले विहानै ६ वजे देखिनै कार्यक्षेत्रमा खटिएका स्वास्थ्यकर्मी परिवार नियोजन सुपरभाईजर निरिक्षक श्री वशन्त गैरे माथि गरिएको साङघातिक आक्रमण प्रति यस टोखा नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी तथा स्वास्थ्यकर्मीहरूको गम्भिर ध्यानाकर्षण भएको छ।

कोभिड १९ महामारीको कारण सृजित विषम परिस्थितीमा ज्यानको प्रवाह नगरिकन जोखिम मोल्दै रातदिन आफ्नो कार्यक्षेत्रमा खटिएका स्वास्थ्यकर्मी प्रति न्युनतम मानविय व्यवहार समेत नगरी दुरव्यवहार गर्ने, हातपात गर्ने जस्ता निन्दनीय कार्यको घोर भत्सना गर्दै उक्त घटनाको सत्य तथ्य छानविन गरि घटनामा संलग्नलाई कानुनी दायरामा ल्याई अविलम्व कडा भन्दा कडा कारवाही गर्न टोखा नगरपालिकामा कार्यरत सवै कर्मचारी तथा स्वास्थ्यकर्मी जोडदार माग गर्दछौं।

यस्ता अमानवीय घटना श्रृङखलावद्द रूपमा घट्नु र पटक पटक सम्वन्धित निकायलाई ध्यानाकर्षण गराउँदा सम्म सुनुवाई नहुनु तथा स्वास्थ्यकर्मीमाथि दुरव्यवहार सहित हातपात गर्ने घटनाक्रम दिन प्रतिदिन वढ्दै जाँदा अहोरात्र निस्वार्थ सेवामा तल्लिन समग्र स्वास्थ्यकर्मीहरूको मनोवल गिर्ने र सेवा प्रवाह गर्न कठिन अवस्था आउन सक्ने हुँदा यस्ता घटना हुन नदिई स्वास्थ्यकर्मीहरूको पेशागत सुरक्षा गर्न गराउन नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह, गृह प्रशासन, स्वास्थ्य परिषदहरू, नागरिक समाज तथा सरोकारवाला निकायको विज्ञप्ति मार्फत ध्यानाकर्षण गराउँदछौं। साथै घटनावाट हतोत्साही नभई यस विषम परिस्थितिमा निरन्तर सेवा प्रवाहमा जुट्न सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई अपिल गर्दछौं।

अनिल प्रसाद जोशी, प्रशासन शाखा प्रमुख

रनलाल कुलाल,जनस्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा प्रमुख

डा. एरिसा पौडेल, मे.अ. टोखा चण्डेश्वरी प्रा.स्वा.के.

पवन कुमार शाह, प्रमुख, झोर महाँकाल स्वास्थ्य चौकी

सुर्यलाल श्रेष्ठ, प्रमुख, टोखा सरस्वती स्वास्थ्य चौकी

रस्मी काफ्ले, प्रमुख, आ.स्वा.के. वडा नं. ४

सुस्मा सिलवाल, आ.स्वा.के. वडा नं. ५

सरिता पोख्रेल, प्रमुख, आ.स्वा.के. वडा नं. ६

राधा कृष्ण श्रेष्ठ, प्रमुख, धापासी स्वास्थ्य चौकी

अनिता घर्ति मगर, प्रमुख, गोंगवु स्वास्थ्य चौकी

वविता लोहनी, प्रमुख, आ.स्वा.के. ९

वावुराम पराजुली, प्रमुख, आ.स्वा.के. वडा नं. १०

ज्ञानु भण्डारी प्रमुख, सहरी स्वास्थ्य केन्द्र वडा नं. ११

लगाएत

सम्पूर्ण कर्मचारीहरू, टोखा नगरपालिका

सम्पूर्ण स्वास्थ्यकर्मीहरू, टोखा नगरपालिका